मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ८० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ माघ २३ गते सोमबार (Monday, February 6. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

रोमानिया पठाइदिन्छु भन्दै ...

काठमाडौं, माघ २२। प्रहरीले रोमानिया, स्लोभाकिया लगायतका देशहरूमा पठाइदिन्छु भनी रकम ठगी गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा खोटाङको खोटेहाङ गाउँपालिका-९ स्थायी घर भई हाल टोखा नगरपालिका-१० बस्ने ४० वर्षीय हरि बस्नेत र प्युठानको गौमुखी गाउँपालिका-७ स्थायी घर भई हाल तारकेश्वर-११ बस्ने ४२ वर्षीय हेमलाल पुन मगर रहेका छन् ।

उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान

(बाँकी अन्तिम पृष्ठमा)

७८ लाखसहित हुण्डी कारोबारी पक्राउ

झापा, माघ २२। हुण्डी कारोबारमा संलग्नलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले साढे ७८ लाख रुपैयाँसहित हुण्डी कारोबारमा संलग्न भएको आरोपमा दुई जनालाई पक्राउ गरेको हो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी कृष्णप्रसाद कोइरालाका अनुसार पक्राउ पर्नेहरुमा कैलाली धनगढी उपमहानगरपालिका-९ घरभई काठमाडौं बिजुलीबजार बस्ने २३ वर्षीय किशोर चौधरी र कैलाली गोदावरी नगरपालिका-१०का ५९ वर्षीय दीपेन्द्रबहादुर मल्ल रहेका छन् ।

काठमाडौं उपत्यकाको न्यूरोड क्षेत्रमा विभिन्न व्यक्तिहरुले नेपाल राष्ट्र बैंकले जारी गरेको आदेश/निर्देशन विपरीत इजाजतपत्र नलिई वित्तीय कारोबार (हुण्डी) गरिरहेको सूचनाको आधारमा उनीहरुलाई नगदसहित पक्राउ गरिएको प्रहरी प्रवक्ता कोइरालाले जानकारी दिए । उनीहरुलाई प्रहरीले शुक्रबार पक्राउ गरेको हो । उनीहरुको साथबाट प्रहरीले नगद ७८ लाख ५० हजार रुपैयाँ र चार लाख रुपैयाँको चेक बरामद गरेको छ ।

पक्राउ परेकामध्ये दीपेन्द्र मल्लले विगत ५ वर्षदेखि र किशोर चौधरीले ४ वर्षदेखि न्यूरोड क्षेत्रमा विभिन्न व्यक्तिहरुबाट हुण्डीको रकम संकलन गर्ने र बैंक डिपोजिटमार्फत रकम व्यवस्थापन गर्ने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको एसपी कोइरालाले बताए । उनीहरुले दैनिक करिब १ करोडभन्दा बढीको रकम कारोबार गर्ने गरेको समेत अनुसन्धानमा खुलेको जनाइएको छ । उनीलाई नेपाल राष्ट्र बैंक ऐन २०५८को दफा ९५ बमोजिम आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकू पठाएको छ ।

स्वतन्त्र पार्टी सरकारबाट बाहिरियो

सरकारप्रतिको समर्थन कायमै, पत्रकार र मिडिया सञ्चालकप्रति खनिए अध्यक्ष रवि लामिछाने

झापा, माघ २२। राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएको छ ।

आइतवार बसेको सो पार्टीको केन्द्रीय सदस्य र सांसदहरुको संयुक्त बैठकले सरकारमा रहेका मन्त्री र राज्यमन्त्री फिर्ता बोलाउने सर्वसम्मत निर्णय गरेको पार्टी सभापति रवि लामिछानेले जानकारी दिए । बैठकपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै लामिछानेले सो जानकारी दिएका हुन् ।

बैठकले सरकारलाई दिएको समर्थन भने यथावत राख्ने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट हाल दुई जना मन्त्री र एक जना राज्यमन्त्री सरकारमा सहभागी छन् । यसअघि पार्टी अध्यक्ष लामिछाने उपप्रधानमन्त्री तथा गृहमन्त्री थिए । नागरिकता विवादमा सर्वोच्च अदालतको आदेशबाट उनी पदमुक्त भएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारमा तीन मन्त्री र एक राज्यमन्त्री पाएको थियो । अहिले सरकारमा यो पार्टीका दुई मन्त्री र एक राज्यमन्त्री छन् । गत असारमा घोषणा भएको यो पार्टीबाट श्रम तथा रोजगार मन्त्रीमा डोलप्रसाद अर्याल र शिक्षा मन्त्रीमा शिशिर खनाल छन् ।

यो दलबाट तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री छिन् । यसअघि उपप्रधानमन्त्री तथा गृहमन्त्री बनेका पार्टी सभापति रवि लामिछानेले सर्वोच्च अदालतले नागरिकताको विषयमा प्रश्न उठाउँदै सांसद पद खारेज गरिदिएपछि उनले पदबाट राजीनामा दिएका थिए ।

यो दलले यसअघि नै सरकारबाट बाहिरिने तयारी गरे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल र गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी ओलीको आग्रहपछि थप दुई दिन पर्खने बताएको थियो । पुनः शनिवार पार्टी

कार्यालय बसुन्धरामा बसेको पार्टीको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकमा यसअघि गठबन्धनभित्र भागबन्डामा स्वतन्त्र पार्टीको भागमा परेको गृह मन्त्रालय पार्टीलाई नदिइएपछि उत्पन्न परिस्थितिबारे छलफल भएको बताइएको छ ।

आइतवार पार्टी बैठकअघि रवि लामिछानेले प्रधानमन्त्री निवास बालुवाटार पुगेर प्रचण्डसँग भेट गरेका थिए । गृह मन्त्रीबाट हटेपछि लामिछानेले प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीसँग पटक-पटक छलफलहरू गरेका विवरण आएका थिए ।

पत्रकार र मिडिया सञ्चालकप्रति खनिए लामिछाने

पत्रकार सम्मेलनमा लामिछानेले अमेरिकाबाट आफ्नो स्वदेश फिर्तीको कथा सुनाए । आफू सँधै घेराबन्दीमा पर्दै आएको गुनासो गर्दै लामिछानेले अमेरिका जानुअघि नेपाल टेलिभिजनमा कार्यक्रम चलाउँदा पनि आफूलाई असहयोग गरिएको बताए ।

सबैभन्दा लामो अन्तर्वार्ता गरेर विश्व कीर्तिमान राख्दै आफू नेपाल फर्किएको उनले बताए । विश्वका सञ्चार माध्यमले आफ्नो कीर्तिमानलाई स्थान दिए पनि नेपाली सञ्चारमाध्यमले स्थान नदिएको उनको गुनासो थियो । उनले आफ्नो नागरिकता र राहदानीको मुद्दामा पनि नेपाली सञ्चारमाध्यमले आफूलाई 'प्रहार' गरेको टिप्पणी गरे । मैले म आफैं गृहमन्त्री हुन्छु भनेर भनेको कतै सुन्नुभएको छ ? हाम्रो एक मात्रै कुरा हाम्रो भागमा परेको गृहमन्त्रालय पाउनुपर्छ भन्ने हो- उनले भने ।

उनले नेपाली सञ्चारमाध्यमका सञ्चालक र सम्पादकहरूलाई समेत अदालतमाथि प्रभाव पारेको आरोप लगाएका छन् । देश चलाउने भए आउनुहोस् चितवन क्षेत्र नम्बर २मा मसँग चुनाव लड्न, पत्रकार र सञ्चालकलाई चुनौति दिंदै उनले भने ।

आफू कुनै सञ्चारमाध्यमसँग नडराउने उनको भनाइ थियो । आम अभ्यासमा चलिआएको भएर आफूले पनि नेपाली नागरिकता फिर्ता नगरेको उनले बताए । आफूले अमेरिकी नागरिकता फिर्ता गरेपछि मात्रै नेपाली राहदानी प्रयोग गरेको भन्दै लामिछानेले उक्त विषयको मुद्दा आफूले सामना गर्ने बताएका छन् ।

प्रधानमन्त्रीको अड्डान

अमेरिकी नागरिकता त्याग गरेको बताएका लामिछानेले नेपाली नागरिकता व्यूँताउने प्रक्रिया पूरा नगरेको ठहर गर्दै सर्वोच्च अदालतले आफ्नो सांसद पद खारेज गरिदिएसँगै उनले मन्त्रीबाट पनि राजीनामा दिए ।

लामिछानेले राजीनामा दिएपछि प्रचण्डले गृह मन्त्रालय अहिले आफैँसँग राखेका छन् । नेपाली नागरिकता सक्रिय बनाएपछि पुनः गृहमन्त्री बन्न प्रयास गरे पनि प्रधानमन्त्रीले उनलाई गृहमन्त्री बनाउन आनाकानी गरेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी यदि सरकारबाट बाहिरिँदा पनि सरकारले संसद्मा बहुमत भने गुमाउने छैन । प्रतिनिधिसभामा उक्त दलका १९ सांसद छन् । कूल २७५ सदस्य रहेको प्रतिनिधिसभामा १३८ सांसदको समर्थन भए सरकारलाई बहुमत पुग्छ । प्रचण्डले यसअघि २६८ सांसदबाट विश्वासको मत पाएका थिए ।

सरकारमा सहभागी नभएको नेपाली कांग्रेसले पनि यसअघि प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको थियो । तल्लो सदनमा रहेका १२ दलमध्ये प्रचण्डलाई १० दल र सबै स्वतन्त्र सांसदहरूले विश्वासको मत दिएका थिए ।

बिर्तामोड महोत्सवको तयारी तीब्र

झापा, मंसीर २२। फागुनको पहिलो साता बिर्तामोडमा आयोजना हुने बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक महोत्सवबाट यहाँका व्यवसायीलाई अन्तराष्ट्रिय व्यापार पोलिसी अनुशरण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरिएको छ ।

महोत्सव सञ्चालनका लागि आयोजक बिर्तामोड उद्योग वाणिज्य संघले आइतवार गरेको अन्तर संवादमा सहभागी व्यवसायीका प्रतिनिधिले यस्तो विश्वास व्यक्त गरेका हुन् । फागुन ५देखि १५ गतेसम्म सञ्चालन हुने महोत्सवमा नेपालसहित भारत, बंगलादेश, भुटान र पाकिस्तानका उत्पादनहरुले पनि स्टल बुकिङ गरेका छन् ।

महोत्सवमा दुई सयभन्दा बढी स्टल रहने बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा व्यवापार महोत्सव मूल आयोजक समितिका

संयोजक राजु न्यौपानेले बताए ।

मित्रराष्ट्रबाट सहभागी हुन आएका व्यवसायीले सञ्चालन गरेको व्यवसायिक स्टल र उनीहरुको व्यापारशैलीका विषयमा यहाँका व्यवसायीले अनुशरण गर्दै आगामी दिनमा व्यापार व्यवसाय सञ्चालन गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छलफलमा सहभागी वेदप्रकाश अग्रवालले बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष समेत रहेका अग्रवालले विदेशबाट आएका व्यापारीको विजनेश पोलिसी मात्रै यहाँका व्यापारीले ग्रहण गर्ने हो भने व्यापार प्रवर्द्धनमा टेवा पुग्ने बताए ।

यता मेची डिष्ट्रिव्युटर एशोसिएशनका अध्यक्ष राजेन्द्रकुमार थापाले महोत्सवस्थल उपभोक्ता र अवलोकनकर्ताका लागि सुरक्षित, आकर्षक र मनोरञ्जनात्मक गन्तव्य स्थलका रुपमा निर्माण हुनु पर्नेमा जोड दिए ।

महोत्सवका विषयमा आइतवार मात्रै आयोजक समितिले मेची डिष्ट्रिव्युटर एशोसिएशन, कप्मेटिक डिलर एण्ड फुड एशोसिएशन, सौन्दर्य व्यवसायी संघ, छठ समाज सेवा समितिसँग छुट्टाछुट्टै छलफल र अन्तरसंवाद गरेको थियो ।

छलफलमा मेची डिष्ट्रिव्युटर एशोसिएशन मेची

(बाँकी अन्तिम पृष्ठमा)

चार विधामा पुरस्कार

झापा, माघ २२। उप्रेती सेवा समाज झापाले स्थापना गरेको चार भिन्न विधाका पुरस्कार बितरण गरिएको छ ।

बिर्तामोड-१ निवासी केशवप्रसाद उप्रेतीले आफ्ना स्व. पिता प्रेमलाल उप्रेती, स्व. माता रुपादेवी उप्रेती, स्व. दाजु पदमप्रसाद उप्रेती र केशवप्रसाद उप्रेतीकी धर्मपत्नी स्वर्गीय भगीरथा उप्रेतीको स्मृतिमा स्थापित पुरस्कार बितरण गरेको हो ।

समाजका अध्यक्ष चिरञ्जीवी उप्रेतीको

(बाँकी अन्तिम पृष्ठमा)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

किचकबध मेलामा भक्तजनको घुइँचो

पार्थ मण्डल

झापा, माघ २२। महाभारतकालीन किंवदन्तीसँग जोडिएको ऐतिहासिक किचकबध धार्मिक मेलामा आइतवार श्रद्धालु तथा भक्तजनहरूको घुइँचो लागेको थियो । हरेक वर्ष माघे शुक्ल पूर्णिमा र स्वस्थानी व्रतका समापनका दिन किचकबध मेला लाग्दै आएको छ ।

कोरोना महामारीका कारण बिगत दुई वर्ष किचकबध धार्मिक मेलामा खासै भीडभाड नदेखिए पनि यसबर्ष हजारौँको संख्यामा श्रद्धालु तथा भक्तजनहरूको सहभागिता रहेको ऐतिहासिक किचकबध, धार्मिक तथा पर्यटकीय स्थल संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेले जानकारी दिए । संरक्षण समितिले आफैंले मेलाको आयोजना नगरी ठेकेदारलाई जिम्मा लगाउँदा मेलामा आउने श्रद्धालु तथा भक्तजनहरूको उचित व्यवस्थापन मिलाउन नसकेको समितिका सहसचिव गणेश ढुङ्गानाले बताए ।

भद्रपुर नगरपालिका-२ र ३ नम्बर वडामा पर्ने किचकबध धार्मिकस्थलको पोखरीमा माघे शुल्क पूर्णिमा दिन स्वतःस्फूर्त पानी आउने गरेकाले सो पोखरीमा नुहाउँदा व्रतालु भक्तजनहरूले इच्छाएको मनकामना पूरा हुने धार्मिक विश्वास छ ।

भक्तजनहरूले पोखरीमा पैसा फाल्ने, पान र सुपारी राखेर पूजा अर्चना गरी परेवा उडाउने धार्मिक प्रचलन रहेको छ । भक्तजनहरूले भीमसेनले कीचकलाई वध गरेको मूर्तिमा समेत पूजाअर्चना गर्छन् ।

किचकबध मेलामा झापासहित पूर्वका विभिन्न जिल्लासँगै छिमेकी राष्ट्र भारतबाट समेत भक्तजनहरू आउने गरेका छन् । महाभारतकालीन किंवदन्ती अनुसार बिराट राजाका साला किचक सेनापति थिए । पाँच पाण्डवकी रानी द्रौपदीको यौवन र रूप माथि कुदृष्टि राख्ने सेनापति किचकलाई भीमसेनले मुड्कीले हानेर मारेको किंवदन्ती छ ।

सोही कथावस्तुलाई आधार मानेर यस ठाउँको नाम किचकबध राखिएको र पछि किचकबध ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलको नामकरण गरिएको हो । यता किचकबध धार्मिक मेलाको अवसरमा भद्रपुर नगरपालिका र कचनकवल गाउँपालिकाले स्थानीय बिदा दिएका थिए ।

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।

Youtube Channel : Nishat M jotic kendra

व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

- व्यक्तिगत घटना ३५ दिनभित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं/गराऔं ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको १८ बर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
- विवाहको सूचना पति र पत्नी दुबैले दिनुपर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नी कुनै एक पक्षले दिन सक्छन्
- बसाइँ सराई दर्ता गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले र परिवार नै बसाइँ सरी गए परिवारको १८ बर्ष उमेर पुगेका व्यक्तिले सूचना दिनुपर्छ ।

नेपाल सरकार विज्ञापन बोर्ड

अर्जुनधारा-९ विजयी

अर्जुनधारा, माघ २२। शनिश्चरे फुटबल क्लबको आयोजनामा झापाको अर्जुनधारामा जारी प्रथम यू-१८ वडास्तरीय फुटबल प्रतियोगितामा अर्जुनधारा-९ विजयी भएको छ।

अर्जुनधारा-७स्थित अर्जुनधारा खेलमैदानमा आइतबार सम्पन्न खेलमा अर्जुनधारा-५लाई टाईब्रेकरमा १-२ गोल अन्तरले पराजित गर्दै अर्जुनधारा-९ विजयी भएको हो।

निर्धारित समयमा दुवै टिमबाट २-२ गोलको बराबरीमा खेल सम्पन्न भएपछि उक्त खेलको निर्णय टाइब्रेकरबाट भएको थियो। खेलको उत्कृष्ट खेलाडी विजयी टिमका बिराज परियारलाई अर्जुनधारा-७का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडाले एक जोर बुट हस्तान्तरण गरेका थिए।

आज सोमवारको खेल अर्जुनधारा-८ र अर्जुनधारा-११बीच हुने प्रतियोगिता आयोजक समितिका सचिव पेमा तामाङले जानकारी दिए।

चार ...

अध्यक्षता तथा वरिष्ठ अधिवक्ता लीला उदाशीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच प्रेमलाल स्मृति पुरस्कार कनकाई नगरपालिका-३ निवासी चन्द्रप्रसाद उप्रेती (मनिपुरे साइँला)लाई प्रदान गरिएको छ। नगदसहितको सो पुरस्कार उनलाई असल पिताको रुपमा प्रदान गरिएको राम उप्रेतीले जानकारी दिए।

त्यस्तै असल आमाको रुपमा रुपादेवी स्मृति पुरस्कार कनकाई नगरपालिका- ७ निवासी पवित्रादेवी उप्रेतीलाई प्रदान गरिएको छ। त्यस्तै पदमप्रसाद जेहेन्दार बाल प्रतिभा पुरस्कार कनकाई-८ निवासी आभाष उप्रेतीलाई प्रदान गरियो भने भगीरथा स्मृति पुरस्कार बाह्रदशी-६ निवासी नर्वदा उप्रेतीलाई प्रदान गरियो। उनी डाँगीवारी निवासी हुन्।

कार्यक्रममा पुरस्कार दाता परिवारका तर्फबाट रुद्रकुमार उप्रेतीले स्वागत गरेका थिए। आगामी दिनका कोषको रकम बढाएर पुरस्कारको राशि समेत बढाउने तयारी गरिएको दाता परिवारका हरिकुमार उप्रेतीले जानकारी दिए। उप्रेती सेवा समाज झापाले गत वर्षदेखि चार विधामा पुरस्कार वितरण गर्दै आएको चन्द्र मोहन उप्रेतीले बताए। कार्यक्रमको सञ्चालन भीष्म उप्रेतीले गरेका थिए।

रोमानिया...

कार्यालयको टोलीले तारेकेश्वर-११ शेषमतीबाट पक्राउ गरेको हो।

पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले जनाएको छ।

उनीहरुले सुकेधारास्थित ग्लोबल भिलेज सोर्स प्रालि खोलेर ९ जना व्यक्तिहरुलाई जनही ५ लाख रुपैयाँ गरी ३१ लाख ९० हजार रुपैयाँ ठगी गरी सम्पर्कविहीन भएको प्रहरीको आरोप छ।

बिर्तामोड ...

अध्यक्ष राजेन्द्रकुमार थापा, निर्वतमान अध्यक्ष सुरेशकुमार अग्रवाल, उपाध्यक्ष प्रवीन अग्रवाल, सचिव राजीव श्रेष्ठ, सदस्य भगवानदास अग्रवाल सहभागी भएका थिए।

त्यस्तै छठ समाज सेवा समितिका अध्यक्ष राजकुमार गुप्ता, निर्वतमान अध्यक्ष घनश्याम चौधरी, मनोज चौधरी, वरुणकुमार जयसवाल, राजकुमार साह, मनोज रौनियार, सञ्जय चौधरी लगायत सहभागी थिए।

त्यस्तै छलफलमा बिर्तामोड उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष कुमार भट्टराई, पूर्वअध्यक्ष वेदप्रकाश अग्रवाल लगायत सहभागी थिए। त्यस्तै कष्मेटिक तथा फुड डिलर एशोसिएशन अध्यक्ष भरत पाठक, ललिता अधिकारी लगायत छलफलमा सहभागी बनेका थिए।

कर्मचारी आवश्यकता

सजिलो आरोग्य योगकेन्द्रको लागि अहेव, अनमी सरह ३ जना महिला र पुरुषको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला।

तलब: आपसी समझदारीमा

सम्पर्क: ९८०३६१०५१६, ९८६३१६८२५४

सिटी सेन्टर बिर्तामोड-७, झापा

दुर्घटनामा दुई जनाको मृत्यु

पथरीशनिश्चरे, माघ २२। मोरङको बेलबारी र उर्लाबारीमा भएका सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

बेलबारी-२स्थित सडकमा डब्लुबी ७४ बीजे ५४७७ नम्बरको गाडी सडकमा पल्टिएर आइतबार बिहान दुर्घटना हुँदा गाडीमा सवार भारतका ६३ वर्षीय प्रतापसिंह तामाङको मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका उनको नोबेल अस्पताल बेलबारीमा सामान्य उपचार पश्चात थप उपचारका लागि विराट नर्सिङ होम बिराटनगर पठाइएको थियो। उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते भएका अन्य तीन जनाको सोही नर्सिङ होममा उपचार भइरहेको छ।

यसैगरी, उर्लाबारी नगरपालिका-७मा प्रदेश ३-०१-०२२ च ६८४५ नम्बरको स्कार्पियो र प्रदेश १-०१-०२ ह ३०७ नम्बरको सिटी सफारी एकापसमा ठक्कर खाई शनिबारसाँझ भएको दुर्घटनामा सिटी सफारी चालक पथरी शनिश्चरे नगरपालिका-१० बस्ने २६ वर्षीय सञ्जु उराऊको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो।

दुर्घटनामा घाइते भएका पाँच जनाको सोही अस्पताल तथा एक जनाको अरनिको अस्पताल उर्लाबारीमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

मिति	फिडरको नाम	स्थान	समय	कारण	कैफियत
२०७९।१०।२३	११ केभी बजार फिडर	बजार फिडरको भद्रपुर रोडहुँदै मुक्तिचोक, जगतवस्ती, महानन्दचोक, माता मन्दिर, लक्ष्मीधापसम्मको लाइन	बजार फिडर बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म	बजार फिडर अन्तर्गत विद्युतीय संरचना मर्मत तथा ब्रुस कटिङ कार्य गर्नुपर्ने।	उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ।

नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र

प्रगतिपथ कृषि सहकारी संस्था लिमिटेड
कनकाई-५ चप्रामारीको

जग्गा बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७९/१०/२२

श्री प्रगतिपथ कृषि सहकारी संस्था लि. को नाममा रहेको कनकाई नगरपालिका वडा नं. ५, चप्रामारी झापा रोडमा सटेको कि. नं. ३१३१को अमरपथ पिच बाटोमा ८२ मुख x ८९ फुट क्षेत्रफल भएको २ कठ्ठा जग्गा (भिटा) मा वरिपरि १०५ ओटा टिकका बिरुवा हुर्किएको अवस्थामा रहेको जग्गाको न्यूनतम मूल्य रु. ५० लाख राखी बढाबढाबाट बेच्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा किन्न इच्छुकले संस्थाको कार्यालय समयमा आई बोलकबोल गरेको रकम उल्लेख गरी गोप्य खामबन्दी निवेदन दिन सकिने कुरा इच्छुक सबैलाई सूचित गरिन्छ।

थप जानकारीका लागि सम्पर्क नं. : ९८०७९९३९३४/९८१६०४९४५०

जग्गा बिक्रीमा

अर्जुनधारा-७ रमाइलो वस्तीमा रहेको ५ कठ्ठा जग्गा तु- विक्रीमा रहेको छ।

सम्पर्क :- ९८१५०१४६४७

हार्दिक बधाई

हाम्रा अनन्य मित्र, मिलनसार, समाजसेवी तथा सालिन व्यक्तित्व **श्री घनश्याम चौधरी** वीरता जेसीजको अधिवशेनबाट सन् २०२३को गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

साथै उहाँ लगायत विजयी हुनुहुने सम्पूर्ण पदाधिकारी महानुभावहरुमा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

मनोज रौनियार सचिव | **सत्रुधन चौधरी** कोषाध्यक्ष | **संगीता रौनियार** अध्यक्ष

एवम् **रौनियार सेवा समिति परिवार**, बिर्तामोड, झापा

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजतप्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित २०७९/१०/२३)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलको शाखावाट उपभोग गरेको तपसिल बमोजिमकर्जाको ऋणको सांवा र ब्याज वा किस्ताको रकम नियमित नबुझाई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जाको तिर्न बाँकी साँवा, सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल-अचल सम्पत्ति बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन- २०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैलाई जानकारी गराइन्छ। साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तीनपुस्ते विवरणसहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसील
सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. व्यवसायिक कर्जा** ऋणी/व्यवसायको नाम :- स्वस्तीका सप्लार्यस (प्रो. खगेन्द्र प्रसाद ढकाल), नेपाल सरकार उधोग, बाणिज्य बिभाग तथा आपूर्ति मन्त्रालय, बाणिज्य बिभाग अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय झापाको दर्ता नं.प्रा.फ.र.न. २२/३३३० मिति २०६९/०४/०८ र आन्तरिक राजश्व कार्यालय, भद्रपुर झापामा स्थायी पान नं. ६००४९८३१३ अन्तर्गत मिति २०६९/०४/०८ मा दर्ता भई अर्जुनधारा गाविस, वडा नं. १, झापामा सञ्चालन रहेको। **प्रोपाइटर** नाम: खगेन्द्र प्रसाद ढकाल बाबुको नाम: धर्म प्रसाद ढकाल बाजेको नाम: अविनारायण ढकाल अर्जुनधारा-१, झापा ना.नं. ६९७१२८७०, झापा, मिति: २०३३/०८/१६	१. मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री खगेन्द्र प्रसाद ढकाल** को स्वामित्व भएको झापा जिल्ला अर्जुनधारा वार्ड नं. १ स्थितको कित्ता नं.८१० क्षेत्रफल ०-१६-१७ स्थितको जग्गा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। **जमानतकर्ता** नाम: विभा ढकाल वाबुको नाम: बद्री प्रसाद कोइराला पतिको नाम: खगेन्द्र प्रसाद ढकाल अर्जुनधारा- १, झापा ना.नं. ६९७१२८७१, झापा, मिति: २०३७/१०/२०
कर्जाको किसिम **२. व्यक्तिगत कर्जा** नाम : पदमप्रसाद ओली वाबुको नाम : लय प्रसाद ओली बाजेको नाम : मोहन ओली ठेगाना : बाह्रदशी गा.पा.-१, झापा नागरिकता नं.: १८२४१७११ जारी मिति २०५८/११/२५, झापा **जमानतकर्ता** नाम : लय प्रसाद ओली वाबुको नाम : मोहन ओली बाजेको नाम : मुक्तिनाथ ओली ठेगाना : बाह्रदशी गा.पा.-१, झापा नागरिकता नं : ०५३६ जारी मिती : २०४५/०१/०६, झापा।	१) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री जानुका ओली** को स्वामित्व भएको झापा जिल्ला, चकचकी वाड न. ५ स्थित कित्ता नं. ६५६,६५४,४५२ क्षेत्रफल ०-३-११.५, ०-१-८.५ र ०-५-२ भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। २) मालपोतकार्यालय भद्रपुर झापामा दर्ता कायम रहेका **श्री लय प्रसाद ओली** को स्वामित्व भएको झापा जिल्ला, चकचकी वाड नं. ५ स्थित कित्ता नं. १९६ क्षेत्रफल ०-१०-० भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। **जमानतकर्ता** नाम : जानुका ओली वाबुको नाम : लक्ष्मी प्रसाई पतिको नाम : लय प्रसाद ओली ठेगाना : बाह्रदशी गा.पा.-१, झापा नागरिकता नं : ०५३७ जारी मिति : २०४५/०१/०६ **जमानतकर्ता** नाम : रिता बास्कोटा वाबुको नाम : हरि प्रसाद बास्कोटा पतिको नाम : राजन ओली ठेगाना : बाह्रदशी गा.पा.-१, झापा नागरिकता नं : ०४-०१-६९-००४२७ जारी मिती : २०६९/०१/१०
कर्जाको किसिम **३.व्यक्तिगत कर्जा :** नाम : मोहन बहादुर कटुवाल वाबुको नाम : गणेश बहादुर कटुवाल बाजेको नाम : सनमान कटुवाल ठेगाना : झापा गा.पा.-०२, झापा। नागरिकता नं.: ५१३७१४९ जारी मिति : २०५२/११/१० **जमानतकर्ता** नाम : बविता कटुवाल वाबुको नाम : यम बहादुर बुढाथोकी पतिको नाम : मोहन बहादुर कटुवाल ठेगाना : झापा गा.पा.-०२, झापा नागरिकता नं.: ०४३०४८/३४ जारी मिती : २०६३/१२/१९	१) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री मोहन बहादुर कटुवाल** को स्वामित्व भएको झापा जिल्ला, कुमरखोद वार्ड न. ६ स्थित कित्ता नं. २५२ क्षेत्रफल ६४२३.०० व.मि. भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। २) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री मोहन बहादुर कटुवाल** को स्वामित्व भएको झापा जिल्ला, टाघनडुब्बा वार्ड न. २ स्थित कित्ता नं. ६७ क्षेत्रफल ३३८.६३ व.मि. भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको।

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **४. विपन्न वर्ग कर्जा :** नाम : तुलाराम धमला कामी वाबुको नाम : हस्त बहादुर कामी बाजेको नाम : खड्ग बहादुर कामी ठेगाना : कन्काई न.पा. ०५, झापा नागरिकता नं.: ०४/१६३७ जारी मिती : २०६२/०९/११ **जमानतकर्ता** नाम : उषा धमला वाबुको नाम : लाल बहादुर विश्वकर्मा पतिको नाम : तुलाराम धमला कामी ठेगाना : कन्काई न.पा. ०५, झापा नागरिकता नं.: ०४३०३१/१३९५ जारी मिती : २०६३/११/२०, झापा।	१) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री उषा धमला** को स्वामित्व भएको झापा जिल्ला, सुरुङ्गा वार्ड न. ६ स्थित कित्ता नं. १७६७ क्षेत्रफल ०-०-१० भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। २) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री तुलाराम धमला** कामी को स्वामित्व भएको झापा जिल्ला, धुलाबारी वार्ड न. ८ स्थित कित्ता नं. ६६१ क्षेत्रफल ०-०-५ भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको।
कर्जाको किसिम **५. व्यक्तिगत कर्जा :** नाम : दिपक ढुंगाना वाबुको नाम : सुर्य प्रसाद ढुंगाना बाजेको नाम : पर्शुराम ढुंगाना ठेगाना : कन्काई न.पा. ०३, झापा नागरिकता नं.: ९१५२७४४३८ जारी मिती : २०५७/१२/२२ **जमानतकर्ता** नाम : रविन ढुंगाना वाबुको नाम : सुर्य प्रसाद ढुंगाना बाजेको नाम : पर्शुराम ढुंगाना ठेगाना : कन्काई न.पा. ०३, झापा नागरिकता नं.: ०४३०३१/२२८३ जारी मिती : २०६३/११/१८, झापा।	१) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका **श्री दिपक ढुंगाना** को स्वामित्व भएको झापा जिल्ला, सुरुङ्गा वार्ड न. ५ स्थित कित्ता नं. ९०३९ क्षेत्रफल ०-०-११.७५-० भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको।
कर्जाको किसिम **६. व्यवसायिक कर्जा** ऋणी/व्यवसायको नाम : कल्पना किराना पसल (प्रो.कल्पना दर्जी), कन्काई नगरपालीका झापामा द.नं. १९७४ मिति २०७४।०४।०६ र आन्तरिक राजश्व कार्यालय, झापाको स्थायी पान नं. ६०६४२८७२५ मिति २०७४।०५।०४ मा दर्ता भई कन्काई न.पा. वडा नं.- ३, झापामा रहेको। **जमानतकर्ता** नाम: कल्पना दर्जी बाबुको नाम: चन्द्र बहादुर दर्जी पतिको नाम: इन्द्र बहादुर दर्जी: कन्काई नगरपालिका-३, झापा नागरिकता नं. ४/९७९ जारी मिति: २०६२।०७।१०, झापा **जमानतकर्ता** नाम: गंगा माया कार्की बाबुको नाम: जित बहादुर कार्की पतिको नाम: डम्बर बहादुर दर्जी: कन्काई नगरपालिका-३, झापा नागरिकता नं. २३३७/९५० जारी मिति: २०४६।०२।१०, झापा	१.मालपोत कार्यालय भद्रपुरझापा मा दर्ता कायम रहेको **श्री डम्बर बहादुर दर्जी**को स्वामित्व भएको कि.न. ३१५७ क्षेत्रफल ०-१२-१० झापा डागीबारी-४ स्थित जग्गा मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। **जमानतकर्ता** नाम: डम्बर बहादुर दर्जी बाबुको नाम: भक्त बहादुर दर्जी बाजेको नाम: मण्डल बहादुर दर्जी: कन्काई नगरपालिका-३, झापा नागरिकता नं. २३३७११९७ जारी मिति: २०३०।०५।२४, झापा **जमानतकर्ता** नाम: इन्द्र बहादुर दर्जी बाबुको नाम: डम्बर बहादुर दर्जी बाजेको नाम: भक्त बहादुर दर्जी: कन्काई नगरपालिका-३, झापा नागरिकता नं. १८२४२७१८ जारी मिति: २०५४।०५।०८, झापा

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यवहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरु[redacted]७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी [redacted]एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल [redacted]अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : [redacted]०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०[redacted]०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: [redacted]2@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

राष्ट्रिय गौरव जोगाऊ

सरकारले 'मधुमास'को समय पनि भुक्तान नगरी उसको कामकारवाहीमाथि टिप्पणी गर्नु 'हतारो' हुन्छ । यद्यपि 'बिहानले दिनको संकेत' गरिसकेको छ कि यसले अपेक्षित काम गर्न सक्दैन । यति सानो मुलुक र यति थोरै जनसंख्या भएको ठाउँमा भएका राजनीतिक दलहरुको ठूलो संख्याले नै राजनीतिक स्थिरता र बलियो सरकारको सम्भावना देखाउँदैन । त्यसमाथि एकाएक उदाएका नयाँ राजनीतिक शक्ति र तिनका महत्वाकांक्षी चरित्रले स्थिर सरकारको कल्पना गर्नु नै व्यर्थ हुन्छ । यही परिवेशमा गठन भएको पुष्पकमल दाहाल नेतृत्वको सरकारबाट गृहमन्त्री नै विवादमा परेर सांसद पद नै गुमाउनु परेको अवस्थाले राजनीतिक संकट 'पहिलो गाँसमै ढुंगा' परेर झनै गहिरिएको छ । हुन त संसारमा विवादरहीत केही छैन र हुँदैन भनिन्छ । मानिस पनि त्यही भनाइभित्रकै 'वस्तु' हो, अतः पूर्वाग्रह नै राखेर बदला लिन कस्सिएपछि र सबै स्वार्थप्रेरीत हुँदासम्म विवाद आइनै रहन्छन् ।

संविधानको व्यवस्था अनुसार दुई वर्षसम्म वर्तमान सरकार अविच्छिन्न सञ्चालन हुन्छ । झण्डै-झण्डै सम्पूर्ण मत प्राप्त गरेको, अझ निर्विरोध नै बनिएको प्रधानमन्त्री दाहालले संसदको पूर्ण कार्यकाल नेतृत्व गर्ने सम्भावना पनि बलियो छ । तर, यही बेला आलंकारिक राष्ट्रप्रमुख पदका लागि दलहरुका बीच विवाद बढ्दैछ । संसदमा दोस्रो दलका रुपमा रहेको एमाले आफ्नो उम्मेदवार राष्ट्रपति बन्नुपर्छ भन्ने हठ बोकेर बसेको छ भने ठूलो दल नेपाली काग्रेस ठूलो भएकै कारण राष्ट्रपति आफ्नो दलले पाउनुपर्ने अडानमा छ । राष्ट्रपति आफैंमा तटस्थ र संवेदनशील पद हो । उसको जिम्मेवारी संविधानको रक्षा र पालना गर्ने हो । त्यसैले राष्ट्रपति राजनीतिबाट अलग रहनुपर्छ र एकताको प्रतीक बननुपर्दछ । यस्तो निर्विवाद, आलंकारिक तथा राष्ट्रिय एकताको बिम्बसहितको पदमाथि राजनीति गर्नु वा उक्त पदमा आसीन व्यक्तिले दलीय आबद्धता प्रकट गर्नु राजनीतिक संस्कारबिरुद्ध हो ।

संसदीय व्यवस्थामा राष्ट्रप्रमुख कार्यकारी प्रमुख हुँदैन । यसकारण उसले कार्यकारी प्रमुखको सिफारिसलाई अस्वीकार गर्न सक्दैन । तर, हामीकहाँ विगतमा त्यस्तो नैतिकता राष्ट्रप्रमुखबाट प्रस्तुत नभएकै कारण दलहरु त्यही पदका लागि 'झुत्ती' खेल्दैछन् । राष्ट्रपतिलाई दुरुपयोग गर्न पाइने विश्वासमा दलहरु गोजीबाट राष्ट्रपति बनाउन तम्सिएको यो अवस्थाले राजनीतिलाई झनै गिजोल्ने पक्का छ । राष्ट्र र जनताको सर्वोच्च अभिभावक बन्ने राष्ट्रपति संविधान, संविधानवाद, राजनीति, राजनीतिक व्यवस्था, संसदीय प्रणाली, कानूनदेखि विचार, व्यवहार र योगदानका आधारमा पनि विज्ञ, योग्य, सुपरिचित तथा परिपक्व, अनुभवी, शान्त, स्थिर हुनुपर्दछ । अनि मात्र त्यो पदको गरिमा कायम रहन्छ र देशको गौरव पनि बढ्छ । त्यसैले दलहरुले आग्रह, पूर्वाग्रह र स्वार्थ त्यागेर सक्षम व्यक्तिलाई चयन गरेर आफूहरु पनि सम्मानित हुने बाटो समाउनुपर्छ । त्यसो हुन सकेन भने अहिले देखिएको राजनीतिक स्वार्थको लडाइँले कसैको हित गर्दैन ।

शिक्षकले राजनीतिमा भाग लिने कि नलिने ?

तीर्थराज खरेल

हामी कहाँ शिक्षा, शिक्षक र राजनीति निरन्तर रूपमा एकअर्कामा अन्योन्याश्रित रहँदै आएका छन् । शिक्षक, कर्मचारी तथा प्राध्यापकलाई राज्यले दिएको जिम्मेवारी बिना शर्त पूरा गर्नुपर्छ । मुलुकको सचेत नागरिकको हैसियतले सरकारी वेतन बुझ्ने कर्मचारीहरू राजनीतिमा प्रत्यक्ष सहभागी भएको पनि पाइएको छ । यसका अनगिन्ती उदाहरण छन् । राज्यले सुम्पेको मूल दायित्वबाट पृथक रहेर विभिन्न राजनीतिक दलका प्रमुख पद ग्रहण गरी राज्यका लागि समर्पण गरेको समय पनि राजनीतिक गतिविधिमा बिताउनु भनेको आफ्नो कर्तव्यबाट च्यूत हुनु हो ।

सरकारले विद्यालय, शिक्षक, प्राध्यापक र सरकारी कर्मचारीले राजनीतिक दलमा आबद्ध भएर विभिन्न गतिविधिमा संलग्न हुन नहुने न्यायालयको आदेश अनुसार सम्बन्धित सबैलाई राजनीतिमा नलाग्न निर्देशन गरेको छ । राजनीति गरे शिक्षकको जागिर नै धरापमा पर्ने कानूनी व्यवस्थाले शिक्षक, प्राध्यापक तथा निजामती जगत्मा अप्ठेरो अवस्था सृजना भएको छ । यसबाट शिक्षक, प्राध्यापकले राजनीतिक दलका पदहरू लिएर पूर्णकालीन राजनीतिमा संलग्न रहनेको भाग खोसिएको मान्नेहरूलाई केही राहत दिएको छ भने अर्कोतिर शिक्षक, प्राध्यापकलाई राजनीतिबाट अलग गरे आफ्नो पार्टीका गतिविधि राम्ररी सञ्चालन हुन नसक्ने भए भनेर चिन्ता पनि छाएको छ ।

पटक-पटक यसअघि विभिन्न राजनीतिक दलको सिफारिसमा शिक्षामन्त्री बन्न पुगेका नेताले विद्यालयमा राजनीति गर्न नहुने बताउँदै आएका थिए, तर यो विषय कार्यान्वन हुन सकेको छैन । सरकारले अब कानून नै बनाएर विद्यालयमा दलगत राजनीति गर्न प्रतिबन्ध लगाउने तयारी गरेबाट असहजता शुरु भएको छ । कुनै पनि विद्यालय शिक्षकले अब उप्रान्त कुनै पनि राजनीतिक दलको पार्टी सदस्य तथा समिति पदाधिकारी हुन नपाउने, भएमा शिक्षक पद बाँकी नरहने कानूनी व्यवस्था गर्ने गरी अघि बढ्न सरकारद्वारा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले सुझाएको छ । दलीय राजनीतिकरणले विद्यालय शिक्षाको गुणस्तरमा गम्भीर नकारात्मक असर पारेको कुरालाई ढाकछोप गर्न सकिन्न । शिक्षकलाई राजनीतिमा नलाग्ने गरी प्रतिबन्ध लगाउन सकेमा शिक्षाको गुणस्तरमा सुधार आउने राज्यको अपेक्षा छ ।

सरकारी वेतन भोगी शिक्षक, प्राध्यापक तथा कर्मचारीले आफ्नो कार्यस्थलमा राजनीति गर्न नपाउने र यसलाई कडाइका साथ कार्यान्वयन गर्न कानून ल्याउनैपर्ने शिक्षा आयोगको प्रतिवेदनमा उल्लेख छ । तर, नेपाल शिक्षक महासंघले शिक्षकले राजनीति गर्न पाउनै हुन्न भन्ने विषय घोर आपत्तिको विषय भएको बताएको छ । विद्यालयभित्र राजनीति गर्न नहुनेमा पार्टीगत रुपमा राजनीति गर्न पाउने अधिकार हरेक नागरिकको अधिकारको विषय हो । ट्रेड युनियन अधिकारमा बन्देज नभएको विषय दस्तावेजमा समेटेर शिक्षकले राजनीति गर्न पूर्ण प्रतिबन्ध लगाउनु र शिक्षकको पद बाँकी नरहने कानूनी व्यवस्था गर्नु गलत मनसाय भएको नेपाल शिक्षक महासंघको आरोप छ ।

वास्तवमा विद्यालयमा कार्यरत अधिकांश शिक्षक कुनै न कुनै पार्टीमा आबद्ध हुने र खुलेरै राजनीति गर्ने परम्परा बढेर गएको छ । पार्टी भूमिगत हुँदा शिक्षकको बैशाखी टेकेर पार्टीजन समक्ष जाने र द्वन्द्वको बेलामा शिक्षकहरू राज्य र विद्रोही पक्षबाट आक्रमणको निशाना बन्नुपर्ने धेरै कुराहरू पुराना भएका छैनन् । विद्यालय शिक्षकले राजनीति गर्न नहुने बताउने मन्त्री तथा प्रधानमन्त्रीहरूको विगतलाई नियाल्दा विगतमा प्रायःजसो शिक्षक नै भएको देखिन्छ नेपालमा । वर्तमान

नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विद्यालयका शिक्षक नै थिए ।

अहिले पनि एकातिर उनीहरु शिक्षकले राजनीति गर्न हुन्न भनिरहेका छन् भने अर्कातिर अधिकांश मन्त्रीहरू आफ्नो पार्टी निकटका निजामती कर्मचारी, प्राध्यापक, शिक्षकका संघ, संगठनले आयोजना गर्ने कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि बनेर सहभागी भइरहेका छन् । निश्चय नै यो दोहोरो चरित्र हो । वास्तवमा शिक्षकले विद्यार्थीको भविष्यमा योगदान गर्ने कि पार्टीका लागि काम गर्ने भन्ने प्रश्न उठेकोमा सत्यता छ । एक वा डेढ वर्षअघि सम्पन्न भएका नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा माओवादी केन्द्र लगायतका प्रमुख दलका गाउँ, नगर, प्रदेश, जिल्ला र केन्द्रका अधिवेशन तथा महाधिवेशनमा शिक्षक, कर्मचारी र प्राध्यापकहरूको ठूलो सहभागिता थियो र यो क्रम जारी पनि छ ।

शिक्षक/प्राध्यापक र कर्मचारी राजनीतिमा होमिएपछि निर्वाचन आयोगले सरकारी शिक्षक, प्राध्यापक र कर्मचारी पार्टी पदाधिकारी भए राजनीतिक दलको विवरण अद्यावधिक गर्दा उनीहरूको नाम हटाइदिने निर्णय गरेको छ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ मा दलको सदस्यताबारे व्यवस्था छ । उपदफा २ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारी पदमा बहाल नरहेको व्यक्तिलाई मात्र दलले सदस्यता दिनुपर्ने उल्लेख गरिएको छ । सत्तारूढ नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षकहरू राजनीतिमा सहभागी नभए पार्टी प्रणाली कमजोर हुने बताएर निर्वाचन आयोगको विरोध गरेका छन् भने विवेकशील साझा पार्टी प्राध्यापक, शिक्षक वा कर्मचारीको संगठन बनाउन नहुनेमा दृढ छ ।

शिक्षकहरू कै योगदानका कारण पार्टीहरू रहेका र सबैभन्दा बढी गाउँघरमा मजदुर किसानसँग एकाकार भएर राजनीतिक दलहरूलाई स्थापित गराउने र राजनीतिक विचार, कार्यदिशा, नीति-योजना र कार्यक्रमलाई जनताको बीचमा लैजाने शिक्षकहरू नै हुन् भन्ने उनको भनाइ छ । शिक्षकहरू शिक्षाको ज्योति बाल्ने मात्र होइन, राजनीतिको दियो सल्काउने सचेत वर्ग पनि हुन् । भूमिगत कालमा र दुःखका बेलामा शिक्षक अघि सर्नुपर्ने तर आजको खुला स्थितिमा चाहिँ शिक्षकले राजनीति गर्न हुँदैन भन्नु विरोधाभाष पूर्ण कुरा हो । अर्कातिर नागरिकले तिरेको करबाट तलब खानेहरू कुनै पार्टीको सदस्य बनेर आफूले गर्नैपर्ने काम नगरी राजनीति गर्न मिल्छ र भनेर प्रश्न उभ्याइएको छ ।

शिक्षक प्रत्यक्ष राजनीतिमा संलग्न हुँदा शिक्षक स्वयम् विद्यार्थी र राष्ट्रको भविष्य माथिको बेइमानी हुने र इतिहासमा राजनीतिक दलहरूले शिक्षकलाई औजार बनाएको दर्ज हुने शिक्षाविद्हरूको भनाइ छ । वास्तवमा राणा शासन होस् वा पञ्चायतबिरूद्धको आन्दोलनमा वा राजतन्त्रबिरोधी मोर्चामा होस्, दलहरूले आफ्ना कुरा जनतासम्म लैजान शिक्षकलाई औजार बनाए । राजनीतिक जनचेतना अभिवृद्धिमा शिक्षक-प्राध्यापकलाई नै काम लगाइयो । आज शिक्षक/प्राध्यापकको बौद्धिक जमात राजनीतिदेखि टाढा हुनुपर्छ भन्ने जिकिर कमजोर लाग्छ ।

शिक्षक चेतनशील प्राणी भएकाले उसमा राजनीतिक चिन्तन र आस्था रहनु स्वाभाविक छ, तर शिक्षकहरू पार्टीको झोला बोकेर हिँड्दा नानीबाबुहरूको भविष्य बर्बाद हुनेमा विवाद गर्न सकिँदैन । शिक्षक सही बाटो देखाउने पथ प्रदर्शक हो, तर कक्षाकोठा छोडेर शिक्षकहरू राजनीतिमा सहभागी हुँदा शिक्षा प्रणाली ध्वस्त हुन्छ । पार्टीको सदस्यता लिएका शिक्षकहरू पढाउन छोडेर पार्टीको झन्डा बोकेर हिँड्नु दुःखदायी कुरा हो । शिक्षकले राजनीति गर्नुहुँदैन भन्नु गलत हो, तर कक्षाकोठा छोडेर पार्टीको झण्डा र झोला बोकेर हिँड्नु विद्यार्थी र आफ्नो पेशाप्रतिको गद्दारी हो ।

देशको राजनीतिबारे कुनै जानकारी नभएका मानिस कसरी देशको भविष्यका कर्णधार जन्माउने शिक्षक बन्न सक्छ त ? शिक्षण संस्थामा कार्यरत शिक्षकदेखि उच्च पदाधिकारीहरुले विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखेर नीति/नियम, योजना निर्माण र कार्यान्वयन गरिनु पर्छ । उनीहरूको कार्यदक्षताको मूल्याङ्कन गर्दा विद्यार्थीले हासिल गरेको उपलब्धिस्तरलाई प्रतिस्पर्धी श्रम बजारमा खपतको आधारमा दाँजेर हेरिनु पर्छ । सबै राजनीतिक दलहरूले शिक्षण संस्थालाई मर्यादित एवम् स्वच्छ वातावरणमा चल्न दिन व्यवहारमा समेत उतार्ने खालको संकल्प गरेमा निश्चय नै नेपाललाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट थलोको रूपमा स्थापित गर्न सकिन्छ । तर, पूर्णकालीन शिक्षक बन्ने कि नेता बन्ने भन्ने मूल प्रश्न हो ।

विद्यालयहरुलाई लावारिस अवस्थामा छोडेर शिक्षकले राजनीतिमा संलग्न हुनु राम्रो होइन । ६०-७० वर्ष पहिले नेपालमा विद्यालय खोल्ने तत्परता कसले देखाए होलान् ? निश्चित रूपमा त्यस किसिमको सामाजिक चेतनाको ज्योति बाल्ने काममा केही पढे-लेखेका र सामाजिक चेतना भएका युवाहरू नै संलग्न थिए । ती मध्ये अधिकांशपछि शिक्षक नै बने । समाज परिवर्तन गर्नुपर्छ भन्ने अन्तरप्रेरणा र अठोटका कारण नै उनीहरूले शिक्षण कार्य रोजेका थिए । यो काम आफैंमा राजनीति पनि हो । हाम्रो समाजमा शिक्षक भनेको सामाजिक चेतनाको प्रतिनिधि पात्र हो । आफूले विद्यालयलाई सुम्पेको समयको ख्याल गर्दै विद्यालयलाई पहिलो प्राथमिकतामा राख्नु नै एउटा शिक्षकको व्यावसायिकता हो । पार्टीको भेला छ भनेर स्कूल बन्द गर्ने अथवा कुनै नेताको स्वागतको लागि केटाकेटी उभ्याउने शिक्षकलाई निश्चय नै व्यावसायिक शिक्षक भन्न मिल्दैन । प्राध्यापक, कर्मचारी, शिक्षक राजनीतिमा संलग्न हुनुहुँदैन भन्नु गलत हो । तर, पूर्णकालीन कार्यकर्ता बनेर आफ्नो मूलकर्मबाट विचलित हुनु राम्रो होइन ।

tirthakharel2028@gmail.com

प्रायोजित विद्रोहको संकेत

अनिल शर्मा विरही

अहिलेको संसदीय व्यवस्थाले नेपाली जनताको अपेक्षा र आवश्यकता सम्बोधन गर्न सक्दैन भन्ने विचार हाम्रो नेपाल कम्युनिष्ट पार्टीले राख्दै आएको हो । हामी कुनै ब्रम्हज्ञानी भएर होइन समाज विकासको नियमको वस्तुगत विश्लेषणको आधारमा पूर्वानुमान गरेका थियौं । २०५२ सालतिर फर्केर हेरौं त्यसबेला हामीले विद्रोहको कुरा गर्दा एमबी सिंहले- 'गुलेली चलाउन नजान्नेले बन्दुकको कुरा गर्छन' भन्थे । निर्मल लामाले- 'पहरामा टाउको ठोक्नेलाई राम-राम भन्न सकिन्छ काँध थाप्न सकिन्न' भनेका थिए । तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले- 'तीन महिनाभित्र समाप्त गर्ने' धम्की दिएका थिए । तर, यी सबै घोषणा र गुप्तचर विभागका प्रक्षेपणहरु गलत सावित भए । जनयुद्ध बिस्तार भएर गयो ।

हाम्रा नीति र कार्यक्रमहरु समाज विकासको नियम अनुसार भए भने सफलता प्राप्त हुन्छ । तर, त्यसको प्रतिकूल भए भने असफलता प्राप्त हुन्छ । नेपाली जनताले शोषण र उत्पीडनबाट मुक्ति चाहेका थिए । सत्तारूढ कांग्रेस र एमाले पार्टीबाट त्यो काम भएन । सामन्तवाद र साम्राज्यवादसँग लडिरहेको पार्टी माओवादी मात्र थियो त्यसैले जनताले माओवादीलाई समर्थन र सहयोग गरे । नेपाली समाजको दिशा सामन्तवाद र साम्राज्यवादबिरुद्ध थियो । त्यो कुरा माओवादीले बुझ्यो । त्यसैले कसैले नपत्याएको सानो शक्ति मुख्य शक्तिको रुपमा आयो ।

राजतन्त्र ढल्यो आज पुरानै संसदवादी दल सत्तारुढ दलको रहेको छ । नेपाली नागरिकता लिएका मारवाडी नामका भारतीयहरुको हातमा अर्थतन्त्र कैद भएको छ । नेपालमा कमाएर भारतमा थुपार्ने गरेका छन् । तिनै व्यापारीको कारिन्दाको रुपमा संसदीय व्यवस्था नाचिरहेको छ । आर्थिक-शक्ति र तिनीहरुद्वारा नाचिरहेको राजनीतिक प्रणालीबिरुद्ध जनता छन् । यो नेपाली समाजको अपेक्षा र आवश्यकता हो । हाम्रो पार्टी यो पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको पक्षमा छ । त्यसैले हाम्रो विकास निश्चित छ भन्ने हामी ठान्छौं ।

संसदीय व्यवस्था असफल भयो भन्नुको अर्थ पश्चगमन वा राजतन्त्र भन्ने हुँदैन । राजतन्त्र त संसदीय व्यवस्थाभन्दा पनि पश्चगामी र जनविरोधी प्रणाली हो । संसदीय व्यवस्थालाई एउटै (पुरानै) सारतत्व बोकेका तर नयाँ पात्रद्वारा प्रतिस्थापित गर्ने खेलहरु भइरहेका छन् । त्यसो गर्नु भनेको 'तावाबाट हाम फालेर भुङ्ग्रोमा' भने झैं हुनेछ । समस्या सिस्टममा हो कि सोसाइटीमा । यो नै आजको बहसको केन्द्रमा छ । सोसाइटी वा नेता र पार्टीमा मात्र समस्या देख्नु भनेको 'टाउको दुखेको औषधि नाईटोमा' भने झैं हुनेछ ।

रवि लामिछाने देशको नागरिकता त्यागेर, देशप्रति गद्धारी गरेर अमेरिका गएका एक मान्छे हुन् । उनले सांसद हुनासाथ व्यवस्था होइन अवस्था फेर्न लाग्ने बाचा गरेका थिए । उनी यही व्यवस्थाभित्र सुधारको पाखण्डी कुरा गर्दछन् । दोहोरो राहदानी लिएका मान्छेले देशको भलो गर्ने कुराको अपेक्षा आफैमा मुर्खतापूर्ण छ ।

मध्ये तराईमा विद्रोको मुद्दा उठाउने सिके राउतलाई नाटकीयरुपमा उभ्याइएको हाम्रो ठहर छ । थारुहाटमा त्यस्तै पात्र रेशम चौधरीको उदय गराइएको छ । झापा, मोरङ्ग र सुनसरीमा दुर्गा प्रसाईं जस्ता विचारमा विचलित पक्षपाती (धर्म र राजतन्त्रका हिमायती)लाई उभ्याउन खोजिएको छ । जसको प्रत्यक्ष 'बुस्टर' विभिन्न संघ-संस्थाहरु रहेका छन् भने अप्रत्यक्ष 'बुस्टर'मा राजावादी कुलीन शक्ति र पछौटे धार्मिक शक्तिहरु छन् ।

कांग्रेस र एमाले जस्ता पुराना नेताको स्थानमा नयाँ जेलेन्स्कीहरु तयार गर्ने, पुराना पार्टीको स्थानमा पुरानै सारतत्व बोकेका नयाँ पार्टीहरु उभ्याउने षड्यन्त्र भइरहेको छ । संसदमा भएका कम्युनिस्ट पार्टीलाई संसदमै समाप्त पार्ने, सडकमा भएकालाई दमन गरेर सिध्याउने षड्यन्त्र देखिन्छ ।

अमेरिकासामु एमाले र कांग्रेस पनि घाँडो भएका छन् र जेलेन्स्कीहरुको खोजी भइरहेको छ । सजिलै नयाँ शक्तिहरु उदय भएन भने दुर्गा प्रसाईं, सिके राउत, रबि लामिछाने, रेशम चौधरी र राजेन्द्र लिङ्देन समेतले राष्ट्रपतीय प्रणालीको माग गरेर विद्रोहको आह्वान नगर्लान् भन्न सकिन्न । जसलाई पुराना पार्टीभित्रका थुप्रै नेताहरुले समर्थन गर्न सक्छन् । सदनमा त्यसै पनि राष्ट्रपतीय प्रणालीको चर्चा भइरहेकै छ ।

देशको राजनीतिक निकासको लागि समाजवादी व्यवस्था आवश्यक छ । तर, राष्ट्रपतीय प्रणालीको मागद्वारा जनताको असन्तुष्टि र परिवर्तनको चाहनालाई संसदीय प्रणाली वरपर घुमाइरहने चालबाजी देखिन्छ । जसलाई समयमा नै जनपरिचालन तथा खबरदारी गर्न आवश्यक छ । जसका लागि नेपाल कम्युनिष्ट पार्टीले विभिन्न जनसरोकारका विषयलाई उठान गरेर मेचीबाट शुरुवात गरेको छ ।

श्वासप्रश्वासका बिरामी ह्वात्तै बढे

जापानमा श्वासप्रश्वासका बिरामी ह्वात्तै बढेका छन् । तीन वर्षमा पहिलोपटक बिरामीको सत्र्या महामारीको चेतावनीस्तरमा पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय संक्रामक रोग संस्थानले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार यही माघ १५ गतेसम्म राष्ट्रव्यापीप्रति चिकित्सा संस्थामा बिरामीको औसत संख्या दश दशमलव ३६ पुगेको छ । हरेक स्वास्थ्य संस्थामा १० जना बिरामी आउने अनुमान गरिएकामा तिनमा बिरामी चाप बढेको पाइयो । बढ्दो बिरामीको संख्याले आगामी चार सातासम्म महामारीको चेतावनीलाई इङ्गित गरेको छ ।

देशका ४७ प्रिफेक्चरमा नियमितरूपमा गरिएका करिब पाँच सय चिकित्सा संस्थाको अनुगमनमा ५१ हजारभन्दा बढी श्वासप्रश्वासका बिरामी फेला परेका छन् । ओकिनावा प्रिफेक्चरमा सबैभन्दा बढी ४२ दशमलव २३, फुकुईमा पच्चीस दशमलव ३८, ओसाका २४ दशमलव ३४ र फुकुओका २१ दशमलव ७० प्रतिशतले बिरामी बढेका छन् । विगतको भन्दा बेग्लै प्रकृतिका बिरामी बढेका भन्दै स्वास्थ्य विज्ञहरूले रोग अझ फैलन सक्ने चेतावनी दिएका छन् ।

आगलागी हुँदा लाखौंको क्षति

अर्जुनधारा, माघ २२। आइतबार बिहान विद्युत सर्ट भई आगलागी हुँदा अर्जुनधारा-७ स्थित इन्द्रबहादुर लिम्बूको काठको दुई तले घर पूर्णरुपमा जलेको छ।

शनिश्चरे प्रहरी चौकीको कार्यालयले दिएको जानकारी अनुसार आगलागी बिहान ५:३० बजेदेखि शुरु भएको थियो। आगलागीबाट प्रारम्भिकरुपमा २३ लाख ९० हजार रुपैयाँ बढीको धनमालको क्षति भएको कार्यालयले जनाएको छ। आगलागीबाट १० लाख बराबरको घर, चार लाख ७२ हजार रुपैयाँ नगद, डेढ तोलाको सुनको औंठी, डेढ तोलाको सुनको सिक्री, दुई लाख बराबरको लत्ताकपडा, चार लाख रुपैयाँ बराबरको अन्य सामग्री जलेको बताइएको छ।

आगलागी भएको अनुमानित दुई घण्टापछि आगो नियन्त्रणमा आएको थियो। आगो निभाउन बिर्तामोड नगरपालिकाको बारुणयन्त्र र पानी ट्यांकर, मेचीनगर नगरपालिकाको बारुणयन्त्र, सशस्त्र प्रशरी बल बेस क्याम्प शनिश्चरे, शनिश्चरे प्रहरी चौकी र स्थानीय परिचालन भएका थिए। सोही आगलागीका कारण छिमेकी मूना बाँस्कोटाको घरमा पनि क्षति पुगेको उनले बताइन्।

चार बंगलादेशी नागरिक पक्राउ

बिर्तामोड, माघ २२। अवैधरुपमा नेपाल प्रवेश गर्न लागेका चार बंगलादेशी नागरिक पक्राउ परेका छन्।

उनीहरुलाई नेपाल-भारत सीमाको पानीट्यांकी नाकाबाट पक्राउ गरिएको हो। उनीहरुले भारतीय नक्कली आधार कार्ड देखाएर नेपाल प्रवेश गर्न लागेको आरोप छ। पक्राउपर्नेमा मोहम्मद शोहाग मिया, कामरूल हुसेन, मोहम्मद मानिर हुसेन र सोफी उल आलम छन्।

भारतीय नागरिक बनेर अवैधरुपमा नेपाल प्रवेश गर्न लागेका उनीहरुलाई सिमानामा तैनाथ भारतीय अर्ध सैनिक बल (एसएसबी)को ४१औं बटालीयनको टोलीले पक्राउ गरेको हो। एसएसबीले बंगलादेशीलाई अवैधरुपमा नेपाल प्रवेश गराउन सहयोग गर्ने भारतको जलपाइगुडीका मोहम्मद हुसेन र कोच बिहारका मोहम्मद सिपानलाई समेत पक्राउ गरिएको एसएसबी श्रोतले जनाएको छ। अभियुक्तहरुलाई खोरीबारी प्रहरीले शिलगडी अदालतमा म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान शुरु गरेको जनाइएको छ।

प्याब्सन कनकाई ब्याडमिन्टन खेल हुने

सुरुङ्गा, माघ २२। प्याब्सन कनकाई नगर समितिले यही माघ २३ र २४ गते दुई दिनसम्म आफ्ना अभिभावकका लागि नगरस्तरीय डबल्स ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको छ।

कनकाई-९ घैलाडुबास्थित कभर्ड हलमा सम्पन्न हुने सो प्रतियोगिता जिल्ला खेलकुद विकास समितिबाट मान्यता प्राप्त प्रशिक्षकले सञ्चालन गर्ने र यस प्रकारको प्रतियोगिता कनकाई नगरमै पहिलो पटक हुन लागेको प्याब्सन कनकाईका अध्यक्ष विनोद सुब्बाले जानकारी दिए।

प्रतियोगितामा कनकाई नगरका संस्थागत (प्याब्सन एन प्याब्सन, मन्टेश्वरी र कतै सामेल नभएका) विद्यालयमा अध्ययनरत् विद्यार्थीका अभिभावकले खुल्ला रुपमा भाग लिन पाउने अध्यक्ष सुब्बाले जानकारी दिए। आयोजक समितिले पत्रकार भेटघाट मार्फत प्रतियोगिताका बारेमा जानकारी गराएको हो। हरेक वर्ष यस किसिमको अभिभावक केन्द्रित कार्यक्रम गर्दै आएको प्याब्सन कनकाईले अघिल्लो वर्ष अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

अभिभावक र विद्यालयको सम्बन्ध सुमधुर बनाउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको प्याब्सन कनकाईका सचिव एवम् कार्यक्रम संयोजक मोहन थापाले बताए। खेलको माध्यमबाट समेत विद्यार्थीमा रहेको क्षमता विकास हुन सक्ने कुरालाई मध्यनजर गर्दै प्याब्सन कनकाईले शिक्षण सिकाइसँगै खेलकुदका विभिन्न गतिविधि सञ्चालन गर्दै आएको सचिव थापाले बताए।

निजी विद्यालयका अभिभावकले खुल्ला रूपमा भाग लिन पाउने प्रतियोगिता सम्पन्न गर्न प्याब्सन कनकाईका सचिव मोहन थापाको संयोजकत्वमा सल्लाहकार डि.आर.सुवेदी र सागर चौहान सदस्य रहेको तीन सदस्यीय उपसमिति गठन गरी प्रतियोगिताको तयारी शुरु गरिएको बताइएको छ।

प्याब्सन कनकाईले पहिलो पटक सञ्चालन गर्न लागेको नगरस्तरीय डबल्स ब्याडमिन्टन प्रतियोगिता-२०७९ मा दुई दर्जन टिमले सहभागिता जनाउने आयोजक उपसमितिका सदस्य चौहानले जानकारी दिए।

प्रतियोगितामा पहिलो हुनेलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई १० हजार रुपैयाँ नगद पुरस्कारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजक उपसमितिका सदस्य चौहानले जानकारी दिए। प्रतियोगितामा सहभागी सबै खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ।

प्रतियोगिता सम्पन्न गर्न करिब दुई लाख ५० हजार रुपैयाँ अनुमानित खर्च लाग्ने आयोजक उपसमितिका सदस्य सागर चौहानले जानकारी दिए। प्रतियोगिता वापत आवश्यक पर्ने खर्च कनकाई प्याब्सनले नै व्यवस्थापन गर्ने चौहानले बताए।

विश्वकै बुढो कुकुरलाई गिनिज वर्ल्ड रेकर्ड

पोर्चुगलको एउटा ३० वर्षे कुकुरलाई गिनिज वर्ल्ड रेकर्डस्ले विश्वकै सबैभन्दा बुढो कुकुरको उपाधि दिएको छ। यसअघि अर्को कुकुरको नाममा रहेको यस्तो उपाधि एक शताब्दीपछि राफेरो डो आलेन्टेजो जातको बोबी नाम गरेको कुकुरले तोडेको हो। यस्तो जातका कुकुरहरूको औसत आयु १२ देखि १४ वर्षसम्म रहने गर्दछ।

यसअघि २९ वर्ष पाँच महिना बाँचेको अस्ट्रेलियाको ब्लोई ले सबैभन्दा धेरै बाँच्ने कुकुरको उपाधि पाएको थियो। यो कुकुर सन् १९३९ मा मऱ्यो। बोबी फेब्रुअरी १ सम्म ३० वर्ष दुई सय २६ दिनको भएको छ। यो उमेरसम्म पनि कुकुर ठिकै अवस्थामा रहेको बताइएको छ। यसको उमेर पोर्चुगल सरकारको घरपालुवा तथ्याङ्कबाट प्रमाणित भएको हो। गिनिज वर्ल्ड रेकर्डस्का अनुसार यस्तो तथ्याङ्क त्यहाँको पशु चिकित्सकहरूको राष्ट्रिय संस्थाले व्यवस्थापन गर्ने गरेको छ। देशको पश्चिमी तटीय क्षेत्रमा घर नजिकैको छहारीमा तीन वटा छाउरासँगै जन्मिएको यो कुकुरले आफ्नो पूरै जीवन एउटै परिवारसँग बिताएको छ।

बेवास्ता गरिएको छाउरो थियो

बोबीका अहिलेका मालिक लियोनेल कोस्टा यो कुकुर जन्मिँदा आठ वर्षका थिए। उनका अनुसार उनका बाबु-आमासँग धेरै जनावर भएका कारण छाउराहरूलाई घरमा ल्याउँदैन थिए। तर बोबी छलिएर आयो। लियोनेल दाजुभाइले घरमा कुकुर आएको कुरा बुबा-आमासँग लुकाए। तर पछि कुकुर घरमा भएको थाह भयो र परिवारको सदस्य भयो। उनीहरूले आफूले खाने कुरा कुकुरलाई पनि दिन थाले। 'जनावरको खाना, मासुको टुक्रादेखि हामीले खाने खानेकुरा जे दिए पनि बोबीले खान्थ्यो' -कोस्टाले भने। उनका अनुसार यो कुकुरले मसला पखाल्न खानेकुरा पानीमा डुबाउँछ। सन् २०१८ मा यो कुकुरलाई सास फेर्न अप्ठ्यारो भए पनि अस्पताल लगिएको थियो। तर, कोस्टाका अनुसार त्यस बाहेक बोबीले समस्या मुक्त जीवन जिउँदै आएको छ। उनी शान्त वातावरणमा बस्न पाएका कारण कुकुर धेरै बाँचेको ठान्छन्।

बोबी किन धेरै वर्ष बाँच्ने कुकुर बन्यो

यो कुकुर धेरै बाँच्नुमा उसको आनुवंशिक गुण पनि हुनसक्ने उनको अनुमान छ। उसकी आमा १८ वर्षसम्म बाँचेकी थिई। अहिले भने बोबीलाई हिँडडुल गर्न समस्या छ र उसको आँखा पनि कमजोर हुँदै गएको छ। कोस्टाका अनुसार बोबी उनीहरूको परिवारमा रहेका जनावरहरू मध्ये सबैभन्दा अघिल्लो पुस्ताको हो। यो कुकुर एकदमै दयालु रहेको कोस्टा परिवार बताउँछ। दुई हप्ताअघि मात्रै एउटा २३ वर्षको कुकुरलाई सबैभन्दा बुढो जीवित कुकुरको मान्यता दिएको गिनिज वर्ल्ड रेकर्डस्ले बोबीलाई उक्त उपाधि दिएको हो। गिनिजले आफ्नो अभिलेख अद्यावधिक गर्दै बोबीलाई सबैभन्दा बुढो जीवित कुकुर र सबैभन्दा धेरै वर्ष बाँच्ने कुकुर दुबै उपाधि दिएको छ।

१३औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद

सुरुङ्गा, माघ २२। कनकाई नगरपालिकामा पालिकाभरिका विद्यालयको सहभागिता रहने गरी १३औं राष्ट्रपति रनिङ शिल्ड छनौट खेलकुद प्रतियोगिता हुने भएको छ।

कनकाई नगर खेलकुद विकास समिति र कनकाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता-२०७९ को कन्काई नगरको छनोट प्रतियोगिता यही माघ २३ देखि माघ २६ गतेसम्म सञ्चालन गरिने कनकाई नगर खेलकुद विकास समितिका अध्यक्ष जबिन तिम्सिनाले जानकारी दिए।

कबड्डी, एथलेटिक्स, भलिबल, टेबलटेनिस र मार्सल आर्ट विधामा हुने प्रतियोगिता सम्पन्न गर्न विभिन्न विधागत उपसमिति समेत बनाइएको कनकाई नगर खेलकुद विकास समितिका सदस्य गोविन्द उप्रेतीले जानकारी गराएका छन्।

एथलेटिक्सको संयोजनमा लोकप्रसाद ओली, भलिबलको संयोजनमा राजु पाठक, मार्शल आर्टको संयोजनमा राम पाठक, कबड्डीको संयोजनमा खेमराज भट्टराई र टेबल टेनिसको संयोजनमा लीला कटुवाललाई जिम्मेवारी दिइएको छ।

प्रतियोगितामा नगरभरिका सामुदायिक र संस्थागत विद्यालयलाई सहभागिता जनाउन अनुरोध गरिएको आयोजक समितिका सदस्य खेमराज भट्टराईले जानकारी दिए।

कनकाई नगरभरिका १४ वटा सामुदायिक र २२ वटा संस्थागत विद्यालयबाट सहभागिता रहने उक्त प्रतियोगिता कनकाई माविको खेल मैदान, कनकाई-४ इलुवाबारी बुद्ध चोकमा रहेको नयाँ खेल मैदान र कनकाई-३ मा रहेको ग्लोबल एडुकेयर एकाडेमीको खेल मैदानमा सञ्चालन गरिने र उक्त प्रतियोगिता माघ २३ गते कनकाई माविको खेल मैदानमा एक कार्यक्रम गरी उद्घाटन गरिने आयोजक समितिका सदस्य सचिव कनकाई माविका प्रधानाध्यापक कर्णबहादुर डाँगीले जानकारी गराएका छन्।

प्रतियोगितामा छनौट भएका खेलाडीलाई फागुन ९ देखि ११ गतेसम्म सञ्चालन हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड छनौट खेलकुद प्रतियोगितामा सहभागी गराइने छ र उक्त जिल्लास्तरीय प्रतियोगिता कनकाई नगर खेलकुद समितिको विशेष पहलमा कनकाई नगरमै आयोजना गरिने तय भएको अध्यक्ष तिम्सिनाले बताएका छन्।

साहलाई बीमा रकम भुक्तानी

बिर्तामोड, माघ २२। सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो सिटिजन सुरक्षा बीमा योजना (ऋण बिमा) अन्तर्गतको रकम बीमाकर्तालाई हस्तान्तरण गरेको छ।

आफ्नो मृत्युपश्चात परिवारका सदस्यलाई दिइने उक्त रकम माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.का शेयर सदस्य स्व. प्रभु साहको निधनपछि बीमा योजनाबाट पाउने रकम आठ लाख ५० हजार रुपैयाँ उनका छोरा अरुणकुमार साहलाई हस्तान्तरण गरियो।

कार्यक्रममा माँ लक्ष्मी साकोसका अध्यक्ष देवेन्द्रकुमार सिंह, पूर्व अध्यक्ष घनश्याम चौधरी, सञ्चालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका एविएम उत्तम कोइराला र चन्द्रगढी शाखाका प्रमुख विपीन राई लगायतको उपस्थितीमा साहलाई उक्त बीमाको रकमको चेक हस्तान्तरण गरिएको थियो।

ब्राउनसुगरसहित पाँच जना पक्राउ

झापा, माघ २२। झापाको बिभिन्न स्थानबाट लागूऔषध ब्राउनसुगरसहित पाँच जनालाई पक्राउ परेका छन्।

प्रहरी टोलीले तीन ग्राम चार सय मिलिग्राम ब्राउनसुगरसहित घरैबाट झापा कमल गाउँपालिका-

३ का ३५ बर्षीय राजकुमार लावती, एक ग्राम चार सय मिलिग्राम ब्राउनसुगरसहित भद्रपुर-२ गौरीशंकर टोलबाट सोही स्थान सगरमाथाचोक बस्ने ४० बर्षीय दिपक राई र २० बर्षीय संदेश बाँस्तोला, पाँच ग्राम ब्राउनसुगरसहित गौरीगञ्ज-१ भाङडाँडाबाट शिवसताक्षी-६ बस्ने ३० बर्षीय सन्तोष ताजपुरिया र शिवसताक्षी-४ बस्ने ३१ बर्षीय विकास श्रेष्ठलाई पक्राउ गरिएको हो। पक्राउ परेका पाँचै जनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

कर्मचारी आवश्यकता

यस कार्यालय सञ्चालन र व्यवसाय बिस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
पद
P.R.O. : ५ जना
Accountant : २ जना
योग्यता : SEE पास
तलब : १४२००-१८६००।- सम्म
सम्पर्क : गोल्डेन जर्नी
शाखा कार्यालय चारआरी, झापा
फोन:- ९८२४०५८९८६, ९८६९३८३८९६
सुरुङ्गा फोन: ९७४५८६१७५०, ९८२५३५८७९६

कर्मचारी आवश्यकता

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यकता भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
पद: P.R.O- ६ जना
(समय ११देखि ५ बजेसम्म)
योग्यता: +२ वा सो सरह
तलब: १५१०० सम्म
नोट: जीवन बीमा र बोनसको व्यवस्था छ।
सम्पर्क: G.F.M. को कार्यालय भद्रपुर बस स्टेण्ड (NMC सहकारी छेऊ)
Mob: 9814397340, 9842447160

छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
धिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

भूमिसुधार कार्यालय भद्रपुर, झापाको
मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
दिपा क्षेत्री	चन्द्रगडी- २	३४१६	०-२-०	छोटे सतार
देवीप्रसाद भट्टराई	हल्दीवारी-६ क	९१८	०-०-३	पिठोखुवा राजवंशी
गुरुप्रसाद राजवंशी	चारपाने- ६	७५	०-२-०	हर्कविर राजवंशी
गुरुप्रसाद राजवंशी	चारपाने- ६	९५	०-०-१०	मिसिह/मिसिक राजवंशी
सिमाकुमारी अग्रवाल समेत	दमक- २	४५५५	७४४.८८	मताउ/माताहा घिमाल

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) - पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जाने छन्, सजग रहनुहोला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - तपाईको आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - आजको दिन शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।